# देवानगञ्ज गाउँपालिका खानेपानी चापाकल सेवा संचालन कार्यविधि २०८२

## प्रस्तावना

देवानगञ्ज गाउँपालिका क्षेत्रमा खानेपानी सेवा उपलब्ध गराउने सेवा प्रदायक द्धारा संचालन गरिएका खानेपानी सेवाको अनुगमन, मुल्यांकन, सुपरिवेक्षण, नियमन एवं समन्वय गर्दै त्यस्तो सेवा संचालनमा गुणस्तरीयता, नियमितता, एकरुपता, पारदर्शिता एवं जवाफदेहिता कायम गरी खानेपानी सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो एवं सर्वसुलभ बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ध) मा व्यवस्था भए बमोजिम कार्यविधि बनाइ कार्यान्वयन गर्न आवश्यक भएकोले सोही ऐनको दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि देवानगञ्ज गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि जारि गरेको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम विस्तार प्रारम्भ**

१) यो कार्यविधिको नाम "देवानगञ्ज गाउँपालिकाको खानेपानी (चापाकल) सेवा संचालन कार्यविधि, २०८२" रहेको छ।

२) यो कार्यविधि देवानगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भई प्रमाणीकरण भएको मिति देखि प्रारम्भ हुनेछ ।

३) यो कार्यविधि देवानगञ्ज गाउँपालिका क्षेत्र भित्र लागु हुने छ।

**२. परिपाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "गाउँपालिका" भन्नाले देवानगञ्ज गाउँपालिकालाई सम्झनु पर्छ।

ख) "अध्यक्ष" भन्नाले देवानगञ्ज गाउँपालिकाका अध्यक्ष सम्झनु पर्छ ।

ग) "उपाध्यक्ष" भन्नाले देवानगञ्ज गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

घ) प्रमुख प्रशासकीय अधिकृतः भन्नाले देवानगञ्ज गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

ङ) "सेवा प्रदायक" भन्नाले खानेपानी (चापाकल) उपलब्ध गर्ने व्यक्ति, समूह, संस्था वा अन्य कुनै संघ, संस्था वा निकायलाई सम्झनु पर्दछ ।

च) "खानेपानी" भन्नाले घरेलु तथा सार्वजनिक स्थल, व्यक्तिगतका लागि आपूर्ति गरिने चापाकलबाट उपलब्ध हुने पानी सम्झनु पर्दछ ।

छ) "ग्राहक" भन्नाले खानेपानीको लागि उपलब्ध गराइने चापाकल प्राप्त गर्ने व्यक्ति, समुदाय, संघ, संस्था सम्झनु पर्दछ।

ज) "श्रोत" भन्नाले भू-सतह वा भूमिगत रुपमा रहेको खानेपानीको श्रोत सम्झनु पर्दछ ।

झ) "उपभोक्ता समिति भन्नाले खानेपानी उपलब्ध गराउन वितरण गर्न गठन भएका उपयोग गर्ने व्यक्तिहरुबाट गठित उपभोक्ता समिति सम्झनु पर्दछ ।

**३.उदेश्य :**

देवानगञ्ज गाउँपालिकाको खानेपानी (चापाकल) सेवा संचालन कार्यविधि २०८२ को उदेश्य देहाय अनुसार रहने छ।

क) देवानगञ्ज गाउँपालिका क्षेत्र भित्र रहेका अति बिपन्न, शुद्ध खानेपानी (चापकाल) हाल सम्म उपलब्ध नभएका, गाउँबासीहरुलाई सर्वसुलभ रुपमा स्वच्छ र गुणस्तरीय पानी उपलब्ध गराउनु।

ख) मानिस, गाई, भैसी चौपायाहरुको लागि समेत पर्याप्त पानी खान कठिनाई हुने समस्यालाई समाधान गर्न सार्वजनिक स्थलहरुमा चापाकल कल जडान गरि खानेपानी को समस्या समाधान गराउनु ।

ग) देवानगञ्ज गाउपालिकालाई खानेपानी अभाव मुक्त बनाउनु ।

बेचन प्रसाद मेहता
अध्यक्ष

परिच्छेद
गाउँपालिकाको दायित्व सम्बन्धि व्यवस्था

४. गाउँपालिकाको दायित्व हुने :

(१) गाउँपालिकाले गाउँ क्षेत्र भित्र शुद्ध खानेपानीवाट वन्चित व्यक्ति तथा दैनिक जनजीवन बिताउनको लागि खानेपानी अभाववाट प्रभावित समुदाय, व्यक्तिहरुमा प्रभावकारिता ल्याउन निम्न दायित्व पुरा गर्ने छ।

क) शुद्ध खानेपानी उपलब्ध नभएका गाउँ क्षेत्रका व्यक्तिहरुको वडा कार्यालय मार्फत लागत तयार गर्न लगाउने छ।

ख) खानेपानीको लागि चापाकल नभएका व्यक्तिहरुलाई शुद्ध खानेपानी पिउनको लागि एक घर एक चापाकलको व्यवस्थापन गर्ने छ ।

ग) सर्वसाधारण प्रत्येक व्यक्तिलाई सहज र सुलभ तरिकाले शुद्ध खानेपानी उपलव्ध गराउनको लागि सार्वजनिक स्थालमा स्वतःसंचालित चापाकल जडान गरि खानेपानी उपलव्ध गराउने छ ।

घ) गाउँपालिका क्षेत्रभित्र आर्थिक अवस्था कमजोर भै अन्य व्यक्तिको निजि चापाकल वा सार्वजनिक चापाकलबाट दैनिक जीवन यापन गर्न खानेपानी व्यवस्थापन गरि रहेका व्यक्तिहरु जसले निजि स्तरमा चापाकल जडान गराउन नसक्ने विपन्न, गरिव, असाहाय एकल महिला, अपाङ्गता भएका व्यक्तिहरुलाई निजि स्तरमा शुद्ध खानेपानी प्रयोग गर्नको लागि एक थान चापाकल उपलब्ध गराउने छ।

ङ) चापाकल वितरण प्रणालीलाई चुस्त दुरुस्त, प्रभावकारी एवं गुणस्तरीय वनाउन प्रत्येक वडामा वडाअध्यक्षको अध्यक्षतामा एक खानेपानीको लागि चापाकल वितरण समिति गठन गरिने छ।

च) प्रत्येक वर्ष शुद्ध खानेपानी उपलव्ध नहुने व्यक्तिहरुको लागि लगत तयार गरि आवश्यकता अनुसार वडामा, चापाकलको लागि माग गर्न सूचना प्रकाशन गरि योजना वनाउने र सो योजना गाउँ स्तरीय चापाकल वितरण समितिबाट अनुमोदन गराई चापाकल खरिद तथा वितरण कार्य वा आवश्यकता अनुसार जडान कार्य गाउँ कार्यपालिकाको निर्णय बमोजिम विद्युतिय ठेक्का/प्रचलित कानून बमोजिम सञ्चालन गर्न सकिनेछ। देवागनञ्ज गाउँपालिकाबाट वितरण गरिने चापाकल गाउँपालिकाले आव्हान गरेको सूचनाको आधारमा आवेदन पेश गरेका व्यक्तिहरुको घरमा गाउपालिका कार्यालयको शाखाबाट अनुगमन गरी प्रतिवेदन दिईएको आधारमा वितरण गरिनेछ।

ज) चापाकल जडान, लागत अनुसारको सामग्री खरिद वापत सेवाग्राहीबाट कुनै किसिमको शुल्क लिन पाउने छैन । सेवाग्राहीबाट कुनै किसिमको शुल्क लिएमा आर्थिक अनियमितता भएको ठहर हुने छ।

झ) गाउँक्षेत्र भित्र संचालन गरिने वा सार्वजनिक स्थानमा जडान गरिएका बोरिङ, चापाकलको नियमित मर्मत सम्भार वडा कार्यालयको सिफारिसमा प्राविधिकद्वारा लागत इष्टिमेट तयार गरि गाउपालिकाले मर्मत सम्भार गर्नु गराउनु पर्ने छ।

परिच्छेद - ४
शुद्ध खानेपानी (चापाकल) वितरण तथा संरक्षण :

५. गाउँ क्षेत्रभित्र वितरण गरिने शुद्ध खानेपानीको लागि चापाकल वितरण सम्वन्धि गाउँ तथा वडा स्तरीय समिति गठन

क) यस देवानगञ्ज गाउँपालिका क्षेत्र भित्र शुद्ध खानेपानीको कार्यक्रम कार्यान्वयन सम्बन्धित निर्देशन समन्वय तथा व्यवस्थापन गर्न एक गाउँपालिका स्तरीय निर्देन समन्वय तथा व्यवस्थापन समिति रहेनेछ ।

१. गाउँपालिका अध्यक्ष- संयोजक
२. गाउँपालिका उपाध्यक्ष - सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४. सबै वडाका वडाअध्यक्ष — सदस्य
५. योजना शाखा प्रमुंख - सदस्य सचिव

बेचन प्रसाद मेहता
अध्यक्ष

CamScanner

ख) चापाकल वितरण तथा निर्देशन समितिको काम कर्तव्य :

१. निर्देशन समितिको बैठक आवश्यकता अनुसार संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउने ।

२. बैठक सम्बन्धि कार्यविधि निर्देशन समिति आफैले व्यवस्थापन गर्ने।

३. निर्देर्शन समितिको बैठकमा विज्ञलाई आमन्त्रित गरि राय सुझाव लिन सक्ने ।

४. गाउँ क्षेत्र भित्र खानेपानी उपलब्ध गराउन चापाकल वितरण सम्बन्धि कुनै किसिमको वाद विवाद भएमा निर्देशन समितिले सहजीकरण गरि विवाद समाधान गर्न सहयोग गर्ने।

५. वडाबाट चापाकलको लागि सिफारिस भई आएको व्यक्ति संस्था वा जडान गरिने जग्गा सम्बन्धमा छानबिन गरि बास्तविक लाभाग्राहिलाई चापाकल उपलब्ध गराउन सहयोग गर्ने।

६. चापाकल वितरण सम्बन्धि कुनै किसिमको उजुरी परेमा सोको छानबिन गरि ऐन कानुन अनुसार निराकरण गर्ने।

७. आवश्यकताको पहिचान गरि कार्य योजना बनाउने ।

८. चापाकल वितरणको लागि आवश्यकता अनुसार योजना बनाइ बजेट माग गर्ने।

## परिच्छेद - ५

## खानेपानी सेवा उपलब्ध गराउने प्राथमिकताका आधार

६. सेवा प्रदायकले देहाय बमोजिमको प्राथमिकताका आधारमा खानेपानीको लागि चापाकल उपलब्ध गराउनु पर्ने छ।

क. स्वास्थ्य चौकी, धार्मिक क्षेत्र, हटिया, चौतारी तथा सामाजिक संस्थाहरु ।

ख. कुनै प्राकृतिक वा दैवीक प्रकोपका कारणले अस्थायी रुपमा खडा गरिएका शिविरहरु।

ग. सार्वजनिक तथा सामाजिक सेवा प्रवाह गर्ने कार्यालयहरु।

घ. सार्वजनिक महत्वको स्थलहरु ।

ङ. अति विपन्न, असाहाय, एकल महिला, अपाङ्गता भई जीवन यापन गर्न कठिनाइ भएका व्यक्ति।

च. समितिबाट छनौट भएका सर्वसाधारण नागरिकको आवास गृहहरु।

## परिच्छेद - ६

## अनुगमन तथा सुपरिवेक्षण

७. अनुगमन तथा सुपरिवेक्षण समिति :

क. देवानगञ्ज गाउँपालिका भित्र संचालन हुने शुद्ध खानेपानीको लागि चापाकल वितरण योजनाको सेवाग्राहिमा प्रभाव, भौतिक संरचना, खानेपानीको गुणस्तर जस्ता विषयहरुको अनुगमन गर्न देहाय अनुसारको गाउँ स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति रहने छ।

गाउँपालिका उपाध्यक्ष - संयोजक

गाउँ स्तरीय अनुगमन समितिका कार्यपालिका सदस्य दुई जना - सदस्य

सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

सम्बन्धित वडा सचिव - सदस्य

योजना शाखा प्रमुख - सदस्य सचिव

ख. दफा (८) को उपदफा (क) बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समितिले तयार पारेको अनुगमन सम्बन्धि प्रतिवेदन निर्देशन समितिमा पेश गर्नु पर्ने छ।

ग. निर्देशन समितिले आफु समक्ष प्राप्त भएका प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकमा पेश गरि निर्णय भए अनुसार कार्यन्वयन गर्न सहयोग गर्नु पर्ने छ।

बैजन प्रसाद मेहता
अध्यक्ष

CamScanner

परिच्छेद - ७

विविध

८. मापदण्ड बनाउन सक्ने ;

(१) यो कार्यविधिको कार्यन्वयनका लागि गाउँपालिकाले मापदण्ड बनाउन सक्नेछ ।

९. बाधा अड्काउ फुकाउने :

(१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै कठिनाइ वा बाधा आई परेमा सोको बाधा अड्काउ फुकांउने अधिकार गाउँ कार्यपालिकालाई हुने छ ।

(२) गाउँ कार्यपालिकाको बैठकले बाधा अड्काउ फुकाउने बिषयमा गरेको निर्णयको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(३) बाधा अड्काउ फुकाउने सम्बन्धि गाउँ कार्यपालिकाले गरेको निर्णय यो कार्यविधिको अंग मानिनेछ।

१०. कार्यविधिमा संशोधन :

(१) यस कार्यविधिमा रहेका प्रावधानहरुको संशोधन, थपघट तथा खारेजी गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुने छ।

११. बचाउ :

(१) गाउँ पालिकाबाट खानेपानीको लागि चापाकल वितरण सेवा संचालन सम्बन्धि यस अधि भए गरिएका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

प्रमाणिकरण मिति : २०८२/०८/१४ गते